# “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार”

## महिला मञ्च

## ५–७ चैत्र, २०७४

## प्रदेश नं. ४ का जनप्रतिनिधि महिला तथा महिला मानव अधिकार रक्षकहरुद्वारा पारित

## पोखरा घोषणापत्र

सबै नेपाली नागरिकको स्वतन्त्रता सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्न योगमाया न्यौपानेले शुरु गरेको संघर्षलाई स्मरण गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका २००७ र २०४६ सालको लोकतान्त्रिक आन्दोलहरु, १० वर्षे सशस्त्र द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलनलगायतका विभिन्न सामाजिक/राजनीतिक आन्दोलनहरुमा नेपाली महिलाले गरेका संघर्ष र बलिदानको उच्च कदर एवं त्यस योगदानप्रति गौरवान्वित अनुभूत गर्दै,

यी सबै आन्दोलनका आधारमा स्थापित संविधानसभाबाट प्राप्त नेपालको संविधानको भाग २ अन्तर्गत रहेको नागरिकताको व्यवस्थामा रहेको लैंगिक विभेद सम्बोधन गर्न ध्यानाकर्षण गराउँदै,

सामन्तवादी पितृसत्तात्मक सामाजिक संरचनाका कारण स्थापित असमान शक्ति सम्बन्धको अन्त्य नभएसम्म नेपालमा भएको पछिल्लो राजनीतिक रुपान्तरणलाई सारभूत रुपमा संस्थागत गर्न सकिंदैन भन्ने मान्यतालाई आत्मसात गर्दै,

महिला आन्दोलनका सबै मुद्दाहरु वर्गीय आन्दोलनका मुद्दाहरु हुन् भन्नेतर्फ सचेत हुन सबैलाई आग्रह गर्दै, देशमा सदियौंदेखि जरा गाडेको सामन्ती व्यवस्था र त्यसमा आधारित पुँजीवादी पितृसत्तात्मक सामाजिक मूल्यमान्यताहरु, असमान उत्पादनका प्रणालीहरु र असमान भूमि व्यवस्थाहरुमा परिवर्तन नगरे सम्म जनादेश अनुरुपको परिवर्तन, नेतृत्वद्वारा अघि सारिएको समृद्धि सहितको समाजवाद एवं समाजवाद उन्मुख अर्थव्यवस्था स्थापित गर्नका लागि आधार पुरा गर्न तथा सन् २०३० सम्ममा प्राप्त गर्ने भनिएको दिगो विकासका लक्ष्यहरु नारामा मात्रै सीमित हुने यथार्थता बोध गर्दै,

उत्पादनका सम्बन्धहरुमा परिवर्तन ल्याउन महिलाको श्रम, विशेषतः घरेलु, कृषि, अनौपचारिक तथा मनोरन्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरु लगायतका अन्य सेवामूलक मानिएका श्रमहरुलाई औपचारिक श्रमको दायरामा ल्याई मर्यादित श्रमका रुपमा स्थापित गर्ने गरि आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आधार तयार गर्न प्रतिबद्ध रहदै,

सरकारद्वारा महिला अधिकार सुनिश्चिततताका लागि देखाइएको प्रतिबद्धता, महिला हिंसा विरुद्धको शुन्य सहनशिलताको उद्घोषप्रति सम्मान गर्दै, देशमा रहेको विभेदपूर्ण सामाजिक, सांस्कृतिक मूल्य

मान्यताबाट सिर्जित हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य बिना सहज रुपमा संविधान प्रदत्त महिलाका अधिकार प्राप्त गर्न सम्भव छैन भन्ने तर्फ ध्यानाकर्षण गराउदै,

हानिकारक परम्परागत अभ्यासहरुका कारण महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार र नियन्त्रण हुन नसकेको स्थितिको परिणाम कारण पाठेघर खस्ने, प्रशव फिस्टुला, बढ्दो आत्महत्या, मानसिक समस्याहरु जस्ता बेलैमा रोकथाम गर्न सकिने प्रजनन⁄स्वास्थ्य समस्याहरुले लिएको व्यापकता एबम् बलात्कार, यौन हिंसा, भ्रुण पहिचान गरी गरिने गर्भपतन जस्ता अपराधहरु बढ्दै गएको कारण पिडितले न्याय प्राप्त गर्न अझै कठिन रहेको स्थिति तर्फ गम्भीर हुन सबैलाइ आग्रह गर्दै,

बिक्रम सम्बत् २०७२ साल बैसाख १२ गतेको महा भुकम्पका कारण सबैभन्दा बढी प्रभावितहरु विशेषतः महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुमा परेका असरहरुप्रति गम्भीर ध्यानाकर्षण गराउँदै, उक्त भुकम्पको केन्द्र बिन्दु समेत रहेको प्रदेश नम्बर ४ मा भुकम्प पछिको पुननिर्माणमा भएको ढिलासुस्तीका कारण व्यक्तिहरु विशेषत महिलाहरु जिवीकोपाजर्नका लागि असुरक्षित तवरले स्थानागमन गर्न बाध्य भएको स्थितिद्धारा सिर्जित जोखिमहरु, महिला हिंसा, मनोवैज्ञानिक समस्याको सम्बोधन, सुरक्षित रोजगारको अधिकार सुनिश्चिततताका लागि भुकम्पबाट सबैभन्दा बढी प्रभावितहरुलाई पुनर्निर्माण कार्यको निर्णायक तहमा अविलम्ब समावेश र सहभागि गराई पुनर्निर्माणका कार्यहरुलाई द्रुत गति दिंदै नागरिकहरुको आधारभुत अधिकार प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्न माग गर्दै,

महिला आन्दोलनको लामो र कठीन संघर्षको प्रतिफलस्वरुप राजनीतिक तहमा महिलाको नेतृत्व स्थापीत भएता पनि यो वर्ष (२०७४) मा सम्पन्न भएका सबै तहका निर्वाचनमा महिलाको प्रमुख नेतृत्वदायी भूमिकालाई स्वीकार नगरिएको व्यवहारप्रति खबरदारी गर्दै, राज्यसत्ताको नेतृत्वमा महिलाको नेतृत्वदायी सहभागिताका सन्दर्भमा प्राप्त उपलब्धिको रक्षा गर्न स्थानीय तहदेखि नै सचेततापूर्वक कार्यसम्पादन गर्नुपर्ने आवश्यकता बोध गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८स नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६स आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६स सवै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९६५स महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९स यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४स बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६, आइ. एल. ओ. महासन्धिहरु लगायत विभिन्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित गरेका महिलाको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न प्रतिबद्ध रहने उद्घोष गर्दै एवम सबै पक्षको प्रतिबद्धतामाग गर्दै,

२०७४ चैत्र ५ गतेदेखि ७ गतेसम्म, पोखरा लेखनाथ महानगरपालिकाको सह आयोजनामा पोखरामा आयोजित प्रदेश नम्वर ४ को प्रदेशस्तरीय यस महिलामञ्चमा ११ जिल्लाका उपस्थित हामी २५० सय भन्दा बढीको संख्यामा रहेका स्थानीय तहका जनप्रतिनीधिहरु, महिला मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरु यस मञ्चबाट यो ११ बूँदे घोषणापत्र जारी गर्दछौ ।

हाम्रा घोषणाहरु :

१. राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको समानुपातिक, समावेशी, संलग्नता सहितको निर्णायक नेतृत्व अभ्यासका लागि विशेष योजना कार्यक्रम निर्माण र कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौं ।

२. सबै प्रकारका हानिकारक प्रथालाई अपराधको रुपमा ग्रहण गरी त्यस्ता सबैखाले हानिकारक परम्परामा आधारित भई गरिने अपराध अन्त्य गर्ने छाता कानूनको निर्माण साथै स्थानीय तह देखि राष्ट्रिय तहसम्म रणनीति बनाई लागू गर्न सहकार्य एवं नेतृत्व लिनेछौं ।

३. पित्तृसत्तात्मक सोचका कारण हालसम्म महिलाकालागि नियन्त्रित श्रम क्षेत्रमा भुकम्पपछि महिलाको पहुँचमा बृद्धि भएको तर्फ सकारात्मक हुँदै, महिलाको श्रमको बुझाईको दायरा अझ फराकिलो बनाई महिलाको सुरक्षित रोजगार प्रवर्द्धन गर्न स्थानीय स्तरबाट नीतिगत व्यवस्था गर्न हामी सहकार्य एवं नेतृत्व लिनेछौं ।

४. भुकम्पका कारण श्रृजित जोखिमपूर्ण बाध्यकारी स्थानागमनलाई निरुत्साहित गर्न स्थानीय तहमा नै रोजगार श्रृजना गर्न र रोजगारका लागि सुरक्षित तवरले बाहिर जाने व्यक्तिहरुलाई सही सूचना र सीप प्रदान गरी सुरक्षित स्थानागमनको अधिकार सुनिश्चित गर्न नेतृत्व र सहकार्य गर्नेछौं ।

५. प्राकृतिक विपत्तिका बेलामा महिलाहरु थप जोखिममा पर्ने यथार्थताप्रति सचेत हुदैं पुनर्निर्माणका हरेक निर्णायक प्रक्रियामा महिला, अपागंता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुको समावेशी सहभागिता सुनिश्चितताका लागि पहल गर्ने प्रतिबद्धताका साथ स्थानीय तहमा हुने पुनर्निर्माणलाई महिलामैत्री तथा अपांगमैत्री बनाउन नेतृत्व लिनेछौं र यसका लागि साझेदारी र समन्वय गर्नेछौं ।

६. महिलाको प्रजनन् तथा यौन स्वास्थ्य अधिकार सुनिश्चितताका लागि आवश्यक नीति निर्माण गरि स्वास्थ्यलाई पूर्ण रुपले परिभाषित गर्दै यौनिकता र महिलाको स्वास्थ्यलाई प्रभाव पार्ने सबै प्रकारका विभेदपूर्ण व्यवहारहरुको अन्त्य गर्न नेतृत्व एवं सहकार्य गर्नेछौं ।

७. संविधानले सुनिश्चित गरेको नागरिकको आधारभुत अधिकार (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको) पूर्ण कार्यान्वयनका लागि भूमीहिन किसान, अपागंता भएका व्यक्ति, सुकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको भूमि तथा सुरक्षित बास माथिको अधिकारको सुनिश्चितता साथै स्थानीय स्रोत साधनमा पहुँच कायम गर्न नीति निर्माण गरी वडास्तरबाटै आवश्यक कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

८. घरेलु लगायत सबै सेवामूलक कामलाई उत्पादनमूलक कामको रुपमा गणना गर्दै हरेक क्षेत्रमा क्रियाशील श्रमिक महिलाको समान कामको समान ज्यालाको व्यवहारिक कार्यान्वयन साथै महिलालाई राजनीतिक, सामाजिक साथै आर्थिकरुपमा सशक्त बनाउन नेतृत्व र सहकार्य गर्नेछौ ।

९. महिलाभित्र पनि अपाङ्गता भएका, दलित, जनजाति, मुस्लिम, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एच.आई.भी. संक्रमित, बेचबिखनबाट प्रभावित, द्वन्द्व प्रभावित, हिंसा प्रभावित, एकल आमा, एकल महिला एवं विधवाका फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्य अङ्गिकार गरी राज्यका हरेक संरचनामा विशेष व्यवस्था गर्दै समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि समुदाय तहदेखि

नै पहल गर्दै राज्यका सबै तह र संरचनाहरुमा यी सवालहरु सुनिश्चित गर्न नेतृत्व एवं सहकार्य गर्ने छौं,

१०. संविधान प्रदत मौलिक हकमा उल्लेखित महिलाको वंशीय हकलाई उपयुक्त कानुन बनाई कार्यान्वयनमा नल्याएसम्म महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने र महिलाको पराधिनताको अन्त्य नहुने तथ्यप्रति ध्यानाकर्षण गराउँदै अबिलम्ब संबिधान संशोधन गरी नागरिकतामा महिलाको समान हक स्थापित गर्न माग गर्दछौं,

११. संबिधान प्रदत सामाजिक सुरक्षाको हक कृषि, गिट्टी कुट्ने, घरेलु श्रमिक जस्ता विभिन्न जोखिमपूर्ण, मनोरञ्जन लगायतका अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरुले समेत प्राप्त गर्न सक्ने स्थिति निर्माण गर्न समुदाय तहदेखि नै नेतृत्व एवं सहकार्य गर्ने प्रतिबद्धताका साथ यसका लागि आवश्यक नीतिगत व्यवस्थाको निर्माणका लागि माग गर्दै यसको नेतृत्व लिनेछौं ।

हामी स्थानीय तहका जनप्रतिनीधि, महिला मानव अधिकार रक्षकहरु, सामाजिक न्याय तथा लोकतन्त्रप्रति विश्वास राख्ने सम्पुर्ण नागरिक समाजका प्रतिनिधि आफ्नो तर्फबाट महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनकालागि प्रतिबद्धता जाहेर गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीयतहदेखि नै स्थापित गर्न/गराउन निरन्तर अभियानरत तथा प्रतिबद्ध रहनेछौ ।